# अर्थ बुलेटिन

वर्ष २ अंक ९ २०७७ चैत

**नेपाल सरकार**
**अर्थ मन्त्रालय**



### आर्थिक वर्ष २०७७/७८ को चैतसम्मको आर्थिक झलक

- कोभिड-१९ महामारीको समयमा समेत कुल संघीय सरकारी खर्च, राजस्व परिचालन र अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धतामा उल्लेख्य वृद्धि भएको छ। स्थायी लेखा नम्बर लिने करदाताको सङ्ख्या ४० लाख नाघेको छ।

- वस्तु निकासी र पैठारीमा क्रमशः २०.२ प्रतिशत र १३.१ प्रतिशतले वृद्धि भएको छ। शोधानान्तर स्थिति बचतमा रहेको छ। विप्रेषण आय (नेपाली रुपैयाँ) मा १६.५ प्रतिशतले वृद्धि भएको छ। विदेशी विनिमय सञ्चितिमा २४ प्रतिशतले वृद्धि भएको छ। समग्रमा वाह्य क्षेत्रका सूचकहरू सकरात्मक रहेका छन्।

- चालु आर्थिक वर्षको चैतसम्म ७५० स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ। निक्षेप तथा कर्जाको भारित औसत ब्याजदर तुलनात्मकरुपमा न्यून रहेको छ। बीमा प्रिमियम संकलन बढेको छ। नेप्से सूचकाङ्क बढ्दै गएको कारण बजार पुँजीकरण बढ्नुका साथै पुँजी बजारतर्फ लगानीकर्ताहरूको आकर्षण बढेको छ। समग्रमा वित्तीय क्षेत्रका सूचकहरू सबल रहेका छन्।

## संघीय सरकारी खर्च

१. आर्थिक वर्ष २०७७/७८ को चैतसम्म संघीय सरकारको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २.१ प्रतिशतले वृद्धि भई रू. ६ खर्ब ९० अर्ब २८ करोड पुगेको छ। कुल खर्च मध्ये चालु खर्च रू. ५ खर्ब २६ अर्ब ९७ करोड, पुँजीगत खर्च रू. १ खर्ब ५ अर्ब ७३ करोड र वित्तीय व्यवस्था तर्फ रू. ५७ अर्ब ५९ करोड रहेको छ।

**तालिका (क): पछिल्लो ५ आर्थिक वर्षको चैत महिनासम्मको खर्चको स्थिति (रू. करोडमा)**

| खर्च शीर्षक | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| चालु खर्च | ३२३५२.४९ | ५२०५४.२९ | ४६६०९.१३ | ४९५४३.०६ | ५२६९६.८० |
| पुँजीगत खर्च | ८२२९.०४ | ११९१०.०५ | १०९४८.७९ | १०५५९.२ | १०५७२.६८ |
| वित्तीय व्यवस्था | ४००६.७२ | ४३५४.७७ | ४६४४.२२ | ७४७८.४८ | ५७५८.८५ |
| **जम्मा** | **४४५८८.२५** | **६८३१९.११** | **६२२०२.१४** | **६७५८०.७४** | **६९०२८.३३** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

२. चालु आर्थिक वर्षको चैतसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा चालु र पुँजीगत खर्च क्रमशः ६.४ प्रतिशत र ०.१ प्रतिशतले बढेको छ भने वित्तीय व्यवस्था तर्फको खर्च २३.० प्रतिशतले घटेको छ।

**तालिका (ख) : चालु आर्थिक वर्षको संघीय सरकारी खर्चको मासिक विवरण (रू. करोडमा)**

| महिना | चालु खर्च | पुँजीगत खर्च | वित्तीय व्यवस्था | कुल खर्च | खर्च भार |
|---|---|---|---|---|---|
| साउन | १७२.८३ | १३.३३ | ११.७५ | १९७.९१ | ०.००३ |
| भदौ | ६१५१.५१ | ३६१.९२ | १४५.५३ | ६६५८.९६ | ०.०९६ |
| असोज | ११९३७.५५ | ११२९.३३ | १८४.११ | १३२५०.९९ | ०.१९२ |
| कात्तिक | ४७५०.३१ | १४३९.९४ | ६०८.९२ | ६७९९.१७ | ०.०९८ |
| मङ्सिर | ५०६२.०८ | ६४९.६५ | २२७.०५ | ५९३८.७८ | ०.०८६ |
| पुष | ६१६१.३५ | १४८७.५२ | १०७९.८६ | ८७२८.७३ | ०.१२६ |
| माघ | ६४४५.१९ | १२२०.११ | ७५४.१० | ८४१९.४० | ०.१२२ |
| फागुन | ४९११.०८ | १६८६.५२ | ५३९.५१ | ७१३७.११ | ०.१०३ |
| चैत | ७११२.७३ | २५९५.६३ | २२०८.०२ | ११९१६.३८ | ०.१७३ |
| **जम्मा** | **५२७०४.६३** | **१०५८३.९५** | **५७५८.८५** | **६९०४७.४३** | **१.०००** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

३. चालु आर्थिक वर्षको चैतसम्मको कुल संघीय सरकारी खर्चमा असोज र चैत महिनामा खर्च भार उच्च रहेको छ भने श्रावण महिनामा खर्च भार सबैभन्दा न्यून रहेको छ। त्यसैगरी, असोज महिनामा चालु खर्च उच्च रहेको छ भने चैत महिनामा पुँजीगत खर्च र वित्तीय व्यवस्थातर्फको खर्च उच्च रहेको छ। चालु आर्थिक वर्षको चैत महिनासम्म चालु खर्च ५५.५ प्रतिशत, पुँजीगत खर्च ३०.० प्रतिशत र वित्तीय व्यवस्थातर्फको खर्च ३३.३ प्रतिशत रही समग्रमा ४६.८ प्रतिशत खर्च भएको छ।

**प्रकाशन तथा सम्पादन**
आर्थिक नीति विश्लेषण महाशाखा
सिंहदरवार, काठमाडौं

इमेल: epad@mof.gov.np फोन नं.: ०१-४२११३२६ फ्याक्स नं.: ०१-४२११३२५

## राजस्व परिचालन

४. आर्थिक वर्ष २०७७/७८ को चैतसम्म संघीय सरकारको कुल राजस्व गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १५.८ प्रतिशतले वृद्धि भई रू. ६ खर्ब ८३ अर्ब ८७ करोड पुगेको छ। कुल राजस्वमा कर राजस्व रू. ६ खर्ब ३६ अर्ब ७० करोड र गैरकर राजस्व रू. ४७ अर्ब १७ करोड रहेको छ। यस अवधिमा अन्य प्राप्ति सहित कुल प्राप्ति रू. ७ खर्ब १९ अर्ब ४६ करोड रहेको छ।

५. गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कर राजस्वमा १८.० प्रतिशतले वृद्धि भएको छ भने गैरकर राजस्वमा ७.९ प्रतिशतले सङ्कुचन आएको छ।

**तालिका (ग): राजस्व लक्ष्य र असुलीको विवरण (रू. करोडमा)**

| कर शीर्षक | आ.व.२०७७/७८ वार्षिक लक्ष्य | २०७६/७७ चैतसम्मको सङ्कलन | २०७७/७८ चैतसम्मको सङ्कलन | चैतसम्मको लक्ष्य | असूली (प्रतिशतमा) | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| भन्सार महसुल | **१९३५५.४७** | **१०९१४.६९** | **१४९८२.०९** | **१४३१८.०७** | **१०४.६** | **३७.३** |
| मूल्य अभिवृद्धि कर | **३०२१६.८७** | **१७५१७.२०** | **२०५७८.४४** | **२१५९८.५०** | **९५.३** | **१७.५** |
| उत्पादन, विक्री, सेवा | ११२०३.६२ | ७२४६.९५ | ८५५६.९७ | ७५२८.७० | ११३.७ | १८.१ |
| पैठारी | १९०१३.२५ | १०२७०.२४ | १२०२१.४८ | १४०६९.८० | ८५.४ | १७.१ |
| अन्तःशुल्क | **१५५५०.४१** | **८३१०.५३** | **९८७७.८९** | **१०९८४.५८** | **८९.९** | **१८.९** |
| आन्तरिक उत्पादन | ९८९२.२९ | ५१०५.५५ | ५८८६.४१ | ६७९७.५७ | ८६.६ | १५.३ |
| पैठारी | ५६५८.१२ | ३२०४.९८ | ३९९१.४८ | ४१८७.०१ | ९५.३ | २४.५ |
| आयकर | **२३८०३.८७** | **१५७६५.१५** | **१६६०२.४७** | **१६७०७.०९** | **९९.४** | **५.३** |
| आयकर | २१५०३.१३ | १४१५२.५९ | १४८७५.५६ | १५०२०.३८ | ९९.० | ५.१ |
| ब्याज कर | २३००.६२ | १६१२.५६ | १७२६.९१ | १६८६.७१ | १०२.४ | ७.१ |
| अन्य कर | **२३६८.४०** | **१४४६.१९** | **१६२८.८६** | **१७००.८७** | **९५.८** | **१२.६** |
| **कर राजस्व** | **९१२९४.९०** | **५३९५३.७५** | **६३६६९.७५** | **६५३०९.११** | **९७.५** | **१८.०** |
| **गैरकर राजस्व** | **९८८०.९४** | **५१२२.०९** | **४७१७.२७** | **६६४५.९२** | **७१.०** | **-७.९** |
| **कुल राजस्व** | **१०११७५.८४** | **५९०७५.८३** | **६८३८७.०२** | **७१९५५.०३** | **९५.०** | **१५.८** |
| अन्य प्राप्ति | **-** | **४३९७.३८** | **३५५९.०३** | **-** | | **-१९.१** |
| **जम्मा राजस्व र प्राप्ति** | **१०११७५.८४** | **६३४७३.२२** | **७१९४६.०५** | **७१९५५.०३** | **१००.०** | **१३.३** |

स्रोतः अर्थ मन्त्रालय

नोटः अन्य कर शीर्षकमा पूर्वाधार सेवाको उपयोग, सडक मर्मत तथा सुधार दस्तुर, सडक निर्माण तथा सम्भार शुल्क र शिक्षा सेवा शुल्क संलग्न गरिएको। अन्य प्राप्तिमा गत वर्षको नगद मौज्दात र बेरूजु असुली रकम समावेश गरिएको।

६. चालु आर्थिक वर्षको चैतसम्ममा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा सम्पूर्ण शीर्षकका कर राजस्वमा वृद्धि भएको छ भने गैर कर राजस्व सङ्कलनमा कमी आएको छ।


७. समीक्षा अवधिको शीर्षकगत लक्ष्यमा आन्तरिक तर्फको मूल्य अभिवृद्धि कर, भन्सार महसुल र आय कर शीर्षकको ब्याजकर राजस्व लक्ष्य भन्दा बढी सङ्कलन भएको छ। अन्य शीर्षकको राजस्व सङ्कलनमा केही कमी आए तापनि समग्र राजस्व सङ्कलन लक्ष्यको ९५.० प्रतिशत भएको छ।

**तालिका (ख): पछिल्लो ५ आर्थिक वर्षको चैत महिनासम्मको राजस्व सङ्कलन स्थिति (रू. करोडमा)**

| शीर्षक | २०७३/७४ | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ |
|---|---|---|---|---|---|
| कर राजस्व | ३८५४६.५४ | ४५५६९.४५ | ५२९५२.३३ | ५३९५३.७५ | ६३६६९.७५ |
| गैरकर राजस्व | ३३४८.१५ | ५३२०.४१ | ५९४०.१६ | ५१२२.०९ | ४७१७.२७ |
| **कुल राजस्व** | **४१८९४.६९** | **५०८८९.८६** | **५८८९२.४९** | **५९०७५.८३** | **६८३८७.०२** |

स्रोतः अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय


**चार्ट (क): पछिल्लो ५ वर्षको चैत महिनासम्मको राजस्व सङ्कलनको प्रवृत्ति (रू. करोडमा)**





स्रोत: अर्थ मन्त्रालय/महालेखा नियन्त्रक कार्यालय

८. पछिल्लो पाँच वर्षको अवधिमा राजस्व परिचालनमा उल्लेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०७६/७७ को चैत सम्ममा सीमान्त वृद्धि भएको राजस्व वृद्धिदर चालु आर्थिक वर्षमा १५.८ प्रतिशत पुगेको छ।

**चार्ट (ख): पछिल्लो २ वर्षको चैतसम्मको राजस्व सङ्कलन संरचना**




स्रोत: अर्थ मन्त्रालय

९. चालू आर्थिक वर्ष २०७७/७८ को चैत महिनासम्मको कुल राजस्वमा भन्सार महसुल र अन्तशुल्कको हिस्सा गत वर्षको सोही अवधिको तुलनामा वृद्धि भएको छ भने आयकर र गैरकरको हिस्सा घटेको छ। गत वर्षको तुलनामा आयकर ५.३ प्रतिशतले वृद्धि भएतापनि आर्थिक ऐन, २०७७ बमोजिम पेट्रोल र डिजेलमा प्रति लिटर दश रुपैयाँको दरले पूर्वाधार विकास कर भन्सार विन्दुमा लगाई असुल गरिने व्यवस्था कार्यान्वयन हुँदा भन्सार महशुलमा तुलनात्मक रुपमा उच्च वृद्धि भएको कारण कुल राजस्वमा आयकरको हिस्सा कम देखिएको हो।

## संघीय राजस्व

१०. चालु आर्थिक वर्षको चैतसम्म संघीय सरकारको राजस्व परिचालन (बाँडफाँट अघिको रोयल्टी समेत) अघिल्लो आर्थिक वर्षको सोही अवधिको रू. ५ खर्ब २२ अर्ब ८९ करोडको तुलनामा १५.६ प्रतिशतले वृद्धि भई रू. ६ खर्ब ४ अर्ब ४८ करोड पुगेको छ। यस अवधिमा प्रदेश र स्थानीय तहमा बाँडफाँट हुने कर राजस्व गत आर्थिक वर्षको रू. ६७ अर्ब ८७ करोडको तुलनामा १७.० प्रतिशतले वृद्धि भई रू. ७९ अर्ब ३९ करोड पुगेको छ।

## करको दायरा विस्तार

११. २०७७ चैतसम्म स्थायी लेखा नम्बर लिने करदाताको कुल सङ्ख्या ४० लाख ३ हजार ५ सय १३ पुगेको छ। यस अवधिमा दर्ता भएका कुल करदातामध्ये व्यवसायिक स्थायी लेखा नम्बर लिने करदाता १५ लाख ८० हजार ६ सय ५१ (३९.५ प्रतिशत), व्यक्तिगत स्थायी लेखा नम्बर लिने करदाता २४ लाख १४ हजार १२ (६०.३ प्रतिशत) र करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर ८ हजार ८ सय ५० (०.२ प्रतिशत) पुगेको छ। यसैगरी मूल्य अभिवृद्धि करमा दर्ता भएका करदाताको सङ्ख्या २ लाख ८६ हजार ८ सय ४३ र अन्तःशुल्कमा दर्ता हुने करदाताको सङ्ख्या १ लाख १० हजार ९ सय ३७ पुगेको छ।

**तालिका (घ): व्यक्तिगत तथा व्यवसायिक स्थायी लेखा नम्बर लिएका करदाताको विवरण**

| दर्ताको प्रकार | २०७७ असारसम्म | आ.व. २०७६/०७७ को चैतसम्ममा थप | आ.व. २०७७/७८ को चैतसम्ममा थप | २०७७ चैतसम्म |
|---|---|---|---|---|
| व्यावसायिक स्थायी लेखा नम्बर | १३५८९३४ | १८५०१८ | २२१७१७ | १५८०६५१ |
| व्यक्तिगत स्थायी लेखा नम्बर | १९७३४५२ | ९२२६८२ | ४४०५६० | २४१४०१२ |
| करकट्टी गर्ने निकायले लिएको स्थायी लेखा नम्बर | ५१०६ | ३८४१ | ३७४४ | ८८५० |
| **जम्मा स्थायी लेखा नम्बर** | **३३३७४९२** | **१११११५४१** | **६६६०२१** | **४००३५१३** |
| **मू.अ.कर** | २५५९६३ | ४०९३६ | ३०८८० | २८६८४३ |
| **अन्तः शुल्क** | ९४२९२ | १९५०४ | १६६४५ | ११०९३७ |

स्रोतः आन्तरिक राजस्व विभाग

नोटः दर्ता खारेजीबाट कायम भएको स्थायी लेखा नम्बर मात्र समावेश गरिएको।

## अन्तर्राष्ट्रिय विकास सहायता प्रतिवद्धता

१२. आर्थिक वर्ष २०७७/७८ को चैत महिनासम्म वैदेशिक सहायता प्रतिवद्धता गत आर्थिक वर्षको सोही अवधिको रू.१ खर्ब १९ अर्ब २८ करोडको तुलनामा ६७.६ प्रतिशतले वृद्धि भई रू. १ खर्ब ९९ अर्ब ९१ करोड पुगेको छ। उक्त प्रतिवद्धतामध्ये अनुदान सहायता ९.९ प्रतिशत र ऋण सहायता ९०.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः १४.० प्रतिशत र ८६.० प्रतिशत रहेको थियो।

१३. चालु आर्थिक वर्षको चैत महिनासम्मको वैदेशिक सहायता प्रतिवद्धतामा द्विपक्षीय र बहुपक्षीय सहायताको हिस्सा क्रमशः ३.५ प्रतिशत र ९६.५ प्रतिशत रहेको छ।

१४. कुल वैदेशिक सहायता प्रतिवद्धतामा सडक क्षेत्रमा सबैभन्दा बढी २७.० प्रतिशत, ऊर्जा क्षेत्रमा २३.१ प्रतिशत र बजेटरी सहायताको रूपमा ११.८ प्रतिशत रहेको छ।

१५. चालु आर्थिक वर्षको चैत मसान्तसम्म रू. १० अर्ब ४ करोड अनुदान र रू. ५५ अर्ब ३ करोड ऋण गरी कुल रू. ६५ अर्ब ७ करोड वैदेशिक सहायता प्राप्त भएको छ।

**तालिका (ङ): २०७७ चैतमसान्तसम्मको क्षेत्रगत विकास सहायता प्रतिवद्धताको अवस्था (रू. करोडमा)**

| क्षेत्र | प्रतिबद्धता रकम | प्रतिशतमा |
|---|---|---|
| शिक्षा | ४४६.२२ | २.२ |
| ऊर्जा | ४६२६.०९ | २३.१ |
| पुनर्निर्माण | ६०.०० | ०.३ |
| शहरी विकास | १७७६.३० | ८.९ |
| सडक | ५४००.०० | २७.० |
| खानेपानी तथा सरसफाइ | ५८९.२५ | २.९ |
| कृषि | १०६५.११ | ५.३ |
| कोभिड | १००७.४६ | ५.१ |
| स्वास्थ्य | ३४०.१६ | १.७ |
| वन तथा वातावरण | ४५२.८२ | २.३ |
| क्षमता विकास | १७७६.३० | ८.९ |
| बजेटरी सहायता | २३६८.४० | ११.९ |
| समावेशी विकास | ८२.४९ | ०.४ |
| **कुल** | **१९९९०.६०** | **१००** |

स्रोतः अर्थ मन्त्रालय

## वित्तीय क्षेत्र

१६. २०७७ चैतसम्म कुल लगानीमा निष्कृय कर्जाको अनुपात १.५० प्रतिशत र विपन्न क्षेत्र तर्फ प्रवाहित कर्जा अनुपात ८.२५ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अनुपात क्रमशः १.८१ प्रतिशत र ६.८५ प्रतिशत रहेको थियो।

१७. २०७६ चैतसम्म ७४६ स्थानीय तहमा वाणिज्य बैंकको शाखा पुगेकोमा २०७७ चैतसम्म वाणिज्य बैंकको शाखा पुगेको स्थानीय तहको सङ्ख्या ७५० पुगेको छ। २०७६ चैतसम्ममा बैंक तथा वित्तीय संस्थाको सङ्ख्या १६२ रहेकोमा गाभिने प्रकृया पश्चात् २०७७ चैतमसान्तमा यस्तो सङ्ख्या १४० कायम भएको छ। २०७६ चैतमसान्तसम्म बैंक तथा वित्तीय संस्थाको शाखा सङ्ख्या ९६९२ रहेकोमा २०७७ चैतमसान्तमा यस्तो सङ्ख्या १०,५४६ पुगेको छ।यस अवधिमा निक्षेपको भारित औसत ब्याजदर ४.७९ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो ब्याजदर ६.७४ प्रतिशत रहेको थियो।

### तालिका (च): चैतसम्मका वित्तीय परिसूचक

| वित्तीय सूचक | २०७५ | २०७६ | २०७७ |
|---|---|---|---|
| **कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा** | | | |
| कुल निक्षेप | १०४.९० | १०५.८८ | ११३.२१ |
| कुल कर्जा | ९४.२३ | ९४.३२ | १०२.०७ |
| **कुल कर्जा लगानीको प्रतिशतमा** | | | |
| निष्कृय कर्जा | १.८३ | १.८१ | १.५० |
| विपन्न क्षेत्र कर्जा | ६.६५ | ६.८५ | ८.२५ |
| **वित्तीय पहुचका परिसूचकहरू** | | | |
| बैङ्क तथा वित्तीय संस्था (सङ्ख्यामा) | १७६ | १६२ | १४० |
| बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जाल (सङ्ख्यामा) | ८२०५ | ९६९२ | १०५४६ |
| वाणिज्य बैङ्कको उपस्थिति भएका स्थानीय तह (सङ्ख्यामा) | ७२५ | ७४६ | ७५० |
| कुल निक्षेप खाता (सङ्ख्या लाखमा) | २६९.१० | ३१८.८६ | ३६३.६६ |
| कुल कर्जा खाता (सङ्ख्या लाखमा) | १४.२३ | १५.२५ | १६.८३ |
| एटिएम (सङ्ख्यामा) | ३१८८ | ३,९४५ | ४,३०० |
| **भारित औसत ब्याजदर प्रतिशतमा** | | | |
| निक्षेप | ६.६७ | ६.७४ | ४.७९ |
| कर्जा | १२.२७ | ११.७७ | ८.६१ |

स्रोतः नेपाल राष्ट्र बैंक

## बीमा क्षेत्र

१८. चालु आर्थिक वर्षको चैत महिनासम्म जारी भएको कुल बीमालेख सङ्ख्यामा अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ६.९ प्रतिशतले वृद्धि भई १ करोड ५ लाख ७९ हजार १ सय ५० पुगेको छ। जसमध्ये जीवन बीमालेख र निर्जीवन बीमा लेखको हिस्सा क्रमशः ७८.८ प्रतिशत र २१.२ प्रतिशत रहेको छ। अघिल्लो वर्षको चैत मसान्तमा यस्तो हिस्सा क्रमशः ८२.३ प्रतिशत र १७.७ प्रतिशत रहेको थियो। चालु आर्थिक वर्षमा वैदेशिक रोजगार बीमालेख सङ्ख्यामा २४.६ प्रतिशतले कमी आएको छ।

१९. यस अवधिमा सङ्कलन भएको बीमा प्रिमियम रकम अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ४३.० प्रतिशतले वृद्धि भई रू. १ खर्ब १६ अर्ब ८८ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो रकम रू. ८१ अर्ब ७२ करोड रहेको थियो।


२०. यस अवधिको बीमा प्रिमियम सङ्कलनमा जीवन बीमा र निर्जिवन बीमा तर्फको हिस्सा क्रमशः ८०.३ प्रतिशत र १९.७ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको चैत मसान्तमा यस्तो हिस्सा क्रमशः ७५.९ प्रतिशत र २४.१ प्रतिशत रहेको थियो।

२१. २०७७ फागुनसम्म वैदेशिक रोजगार बीमालेख समेत समावेश गर्दा बीमाको दायरामा आएको जनसङ्ख्या २६.२ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यो सङ्ख्या २५.८ प्रतिशत रहेको थियो।

## पुँजी बजार

२२. २०७६ चैत मसान्तमा १२५१.४६ विन्दुमा रहेको नेप्से सूचकाङ्क २०७७ चैत मसान्तमा २७१४.७९ विन्दु कायम भएको छ। यस अवधिमा वार्षिक विन्दुगत आधारमा बजार पुँजीकरण १३४.९ प्रतिशतले वृद्धि भई रू. ३७ खर्ब ५८ अर्ब ९७ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो रकम रू. १६ खर्ब २० करोड रहेको थियो।


### चार्ट (ग): पछिल्लो ५ वर्षको चैत मसान्तको नेप्से सूचकाङ्क




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

२३. २०७७ चैत १ गते २४०७.२६ विन्दुमा रहेको नेप्से सूचकाङ्क चैत २ र ३ गते केही कम भए तापनि चैत ४ गतेदेखि पुनः वृद्धि हुँदै कारोबार भएको अन्तिम दिन चैत ३१ गते महिनाकै सबैभन्दा उच्च २७१४.७९ विन्दु कायम भएको छ।

चार्ट (घ) २०७७ चैत महिनाको नेप्से सूचकाङ्कको प्रवृत्ति




स्रोतः नेपाल स्टक एक्सचेन्ज लिमिटेड

## समग्र मूल्य स्थिति

२४. २०७७ चैतमा वार्षिक विन्दुगत आधारमा उपभोक्ता मुद्रास्फीति ३.१० प्रतिशत रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ६.७४ प्रतिशत रहेको थियो। समीक्षा महिनामा खाद्य तथा पेय पदार्थ समूहको मुद्रास्फीति ३.४९ प्रतिशत र गैर-खाद्य तथा सेवा समूहको मुद्रास्फीति २.७९ प्रतिशत रहेको छ। २०७६ फागुनको तुलनामा घ्यू तथा तेल उपसमूहको मूल्यवृद्धि २१.३८ प्रतिशत, मासु तथा माछा उपसमूहको मूल्यवृद्धि १२.६१ प्रतिशत, सूर्तीजन्य वस्तुहरूको मूल्य वृद्धि १०.४१ प्रतिशत र गैर-मदिराजन्य पेय पदार्थ उपसमूहको मूल्यवृद्धि १०.१८ प्रतिशत रहेको छ।

## वस्तु निकासी

२५. आर्थिक वर्ष २०७७/७८ को चैत महिनासम्म कुल वस्तु निकासी गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २०.२ प्रतिशतले वृद्धि भई रू. ९४ अर्ब ७६ करोड पुगेको छ। गत आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु निकासी रू. ७८ अर्ब ८१ करोड रहेको थियो।

२६. यस अवधिमा भटमासको प्रशोधित तेल, जमोठ कपडा, अलैंची, चिया, जुटका बुनिएका कपडा लगायतका वस्तुको निकासी बढेको छ भने सेन्थेटिक यार्न, दलेको वा नदलेको दाल, निर्माण सम्वन्धी यन्त्र लगायतका वस्तुको निकासी घटेको छ।

२७. चालु आर्थिक वर्षको चैतसम्मको कुल निकासीमध्ये भारत, चीन, र अन्य देशतर्फ भएको निकासीको अंश क्रमशः ७२.२ प्रतिशत, ०.८ प्रतिशत र २७.० प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो निकासी क्रमशः ७०.३ प्रतिशत, १.४ प्रतिशत र २८.३ प्रतिशत रहेको थियो।

२८. यस अवधिमा भारत तर्फको वस्तु निकासी मूल्यगत आधारमा २३.५ प्रतिशतले वृद्धि भएको छ भने चीन तर्फको निकासी २७.३ प्रतिशतले घटेको छ।

तालिका (छ): चैत महिनासम्म निकासी भएका प्रमुख १० वस्तु (रू. करोडमा)

| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| भटमासको तेल प्रशोधित | ७८२.१ | २८८१.४ | २६८.४ |
| सिन्थेटिक यार्न | ६१८.४ | ५७४.३ | -७.१ |
| अलैंची | ३३४.३ | ५६८.७ | ७०.१ |
| उनी गलैंचा कार्पेट | ५०१.२ | ५३९.० | ७.५ |
| तयारी कपडा | ३९०.५ | ४०१.४ | २.८ |
| जुटका बुनिएका कपडा | २३६.३ | ३२७.१ | ३८.४ |
| चिया | १८६.६ | ३०६.९ | ६४.५ |
| जमोठ कपडा | १७५.१ | ३०४.४ | ७३.८ |
| फलफुलको जुस | २७१.१ | २८८.० | ६.२ |
| अन्य कपडा (उनी,सुती,टेरीकटन बाहेकका) | २२८.७ | २५०.७ | ९.६ |
| अन्य | ४१५७.६ | ३०३४.८ | -२७.० |
| **जम्मा** | **७८८१.७** | **९४७६.६** | **२०.२** |

स्रोतः भन्सार विभाग

## वस्तु पैठारी

२९. चालु आर्थिक वर्ष २०७७/७८ को चैत महिनासम्म कुल वस्तु पैठारीमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १३.१ प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा कुल पैठारी रू. ११ खर्ब ११ अर्ब ३९ करोड रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल वस्तु पैठारी रू. ९ खर्ब ८२ अर्ब ५३ करोड रहेको थियो।

३०. यस वर्ष प्रशोधित भटमासको कच्चा तेल, मोबाइल टेलिफोन, एम. एस. विलेट, अन्य कोइला, चामल लगायतका वस्तुको पैठारी बढेको छ भने डिजेल, पेट्रोल लगायतका वस्तुको पैठारी घटेको छ।

३१. यस अवधिको कुल पैठारीमध्ये भारत, चीन र अन्य देशहरूतर्फ भएको पैठारीको अंश क्रमशः ६५.२ प्रतिशत, १४.८ प्रतिशत र २०.० प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षमा यस्तो अनुपात क्रमशः ६१.३ प्रतिशत, १५.७ प्रतिशत र २३.० प्रतिशत रहेको थियो।

३२. यस अवधिमा भारतबाट हुने वस्तु पैठारी २०.३ प्रतिशतले वृद्धि भएको छ भने चीनबाट हुने पैठारी ६.४ प्रतिशतले वृद्धि भएको छ।

### तालिका (ज): चैत महिनासम्म पैठारी भएका प्रमुख १० वस्तुहरू (रू. करोडमा)


| वस्तु | २०७६/७७ | २०७७/७८ | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| डिजेल | ७११३.५१ | ५९७४.४३ | -१६.० |
| एम.एस.विलेट | ३४३८.१ | ५०७५.८४ | ४७.६ |
| भटमासको तेल कच्चा | १२५२.३४ | ३१८३.६१ | १५४.२ |
| मोवाइल टेलिफोन | १४६२.०९ | २९६४.१८ | १०२.७ |
| एल पि ग्यास | २५०३.२३ | २५४३.४ | १.६ |
| तयारी कपडा | २१५०.८ | २४०३.५९ | ११.८ |
| पेट्रोल | २५४४.०१ | २३३५.८७ | -८.२ |
| चामल | १६१७.८७ | २११६.२४ | ३०.८ |
| अन्य कोइला | १४८०.९३ | २०३०.५९ | ३७.१ |
| एच.आर.सिट | १९३७.७२ | १९६१.१३ | १.२ |
| अन्य | ७२७५२.७८ | ८०५५०.६२ | १०.७ |
| **जम्मा** | **९८२५३.३८** | **१११३९.५** | **१३.१** |

स्रोतः भन्सार विभाग

## व्यापार सन्तुलन

३३. आर्थिक वर्ष २०७७/७८ को चैत महिनासम्मको कुल वस्तु व्यापार घाटा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १२.५ प्रतिशतले वृद्धि भई रू. १० खर्ब १६ अर्ब ६३ करोड रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा वस्तु व्यापार घाटा ८.९ प्रतिशतले सुधार भई रू. ९ खर्ब ३ अर्ब ७२ करोड रहेको थियो।


### चार्ट (च): पछिल्लो ५ आर्थिक वर्षको चैत मसान्तसम्मको वस्तु व्यापार घाटाको स्थिति (रू. अर्बमा)




स्रोतः भन्सार विभाग

३४. विगत पाँच आर्थिक वर्षको चैतसम्मको तथ्याङ्क हेर्दा आर्थिक वर्ष २०७६ चैतसम्ममा वस्तु व्यापार घाटा ८.९ प्रतिशतले सुधार भएको छ भने अन्य आर्थिक वर्षमा वृद्धि भएको छ।

### चार्ट (छ): पछिल्लो ५ आर्थिक वर्षको चैतसम्मको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश (प्रतिशतमा)




स्रोतः भन्सार विभाग

३५. चालु आर्थिक वर्षको कुल वस्तु व्यापारमा निकासी र पैठारीको अंश क्रमशः ७.९ प्रतिशत र ९२.१ प्रतिशत रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो अंश क्रमश ७.४ प्रतिशत र ९२.६ प्रतिशत रहेको थियो।

## सेवा व्यापार

३६. आर्थिक वर्ष २०७७/७८ को चैतसम्म कुल सेवा आय गत वर्षको संशोधित सेवा आय रू. १ खर्ब ३१ अर्ब ४३ करोडको तुलनामा ५२.२ प्रतिशतले संकुचन भई रू. ६२ अर्ब ८० करोड रहेको छ। साथै यस अवधिको सेवा खर्च अघिल्लो वर्षको चैतसम्मको रू. १ खर्ब ३२ अर्ब ५१ करोडको तुलनामा १५.५ प्रतिशतले संकुचन भई रू. १ खर्ब ११ अर्ब ९३ करोड रहेको छ।

३७. चालु आर्थिक वर्षको चैतसम्म खुद सेवा आय रू. ४९ अर्ब १३ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो आय रू. १ अर्ब ८ करोडले घाटामा रहेको थियो। कोभिड-१९ महामारीको कारण भ्रमण आयमा ९०.२ प्रतिशतले संकुचन आएको कारण खुद सेवा आय तुलनात्मकरुपमा उच्च घाटामा रहेको छ।

## विप्रेषण आप्रवाह र वैदेशिक रोजगार

३८. आर्थिक वर्ष २०७७/७८ को चैतसम्मको विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोही महिनासम्मको रू. ६ खर्ब २५ अर्ब ७१ करोडको तुलनामा १६.५ प्रतिशतले वृद्धि भई रू. ७ खर्ब २९ अर्ब २ करोड पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह ४.२ प्रतिशतले संकुचन भएको थियो।

३९. चालु आर्थिक वर्षको चैतसम्म वैदेशिक रोजगारीको लागि अन्तिम श्रम स्वीकृति लिने नेपाली कामदारको संख्या गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ६६.७ प्रतिशतले घटेर ६४,४७५ रहेको छ। त्यसैगरी यस अवधिमा पुनःश्रम स्वीकृति लिने कामदारको संख्या ५५.७ प्रतिशतले संकुचन भई ७७,७२८ रहेको छ। कोभिड-१९ महामारीको कारण वैदेशिक रोजगारीमा जानको लागि श्रम स्वीकृति लिनेको संख्यामा उच्च गिरावट आएको छ।

## चालु खाता एवम् शोधनान्तर स्थिति

४०. आर्थिक वर्ष २०७७/७८ को चैतसम्म शोधनान्तर स्थिति रू. ४२ अर्ब ५४ करोडले बचतमा रहेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा शोधनान्तर स्थिति रू. ३६ अर्ब ६१ करोडले बचतमा रहेको थियो। त्यसैगरी यस अवधिमा चालु खाता रू. २ खर्ब ७ अर्ब ४१ करोडले घाटामा रहेको छ। अघिल्लो वर्षको सोही अवधिमा चालु खाता रू. १ खर्ब २६ अर्ब ९ करोडले घाटामा रहेको थियो।

## विदेशी विनिमय सञ्चिति

४१. २०७६ चैतसम्म रू. ११ खर्ब ५५ अर्ब ९० करोड रहेको विदेशी विनिमय सञ्चिति २०७७ चैतसम्म २४.० प्रतिशतले बढेर १४ खर्ब ३३ अर्ब २७ करोड पुगेको छ।

४२. आर्थिक वर्ष २०७७/७८ को चैतसम्मको पैठारीलाई आधार मान्दा यस अवधिको विदेशी विनिमय सञ्चितिले करिब ११.९ महिनाको वस्तु पैठारी र करिब १०.८ महिनाको वस्तु तथा सेवाको पैठारी धान्न पर्याप्त रहने देखिन्छ।

## विनिमय दर

४३. २०७७ असारमसान्तको तुलनामा २०७७ चैतमसान्तमा अमेरिकी डलरसँग नेपाली रूपैयाँ ०.५ प्रतिशतले अधिमूल्यन भई अमेरिकी डलर एकको खरिद विनिमय दर रू.११९.८० पुगेको छ। २०७७ असार मसान्तमा यस्तो विनिमय दर रू.१२०.३७ रहेको थियो।

## अन्य आर्थिक गतिविधि


### पर्यटक आगमन

४४. सन् २०२१ को अप्रिल महिनासम्म (जनवरी देखि अप्रिलसम्म ४ महिनाको अवधि) हवाई मार्गबाट नेपाल आउने पर्यटकको सङ्ख्या सन् २०२० अप्रिल महिनासम्मको तुलनामा ७४.९ प्रतिशतले न्यून भई ५५ हजार ४ सय ४७ रहेको छ। सन् २०२० को सोही अवधिमा यस्तो सङ्ख्या २ लाख २० हजार ६ सय ८२ रहेको थियो।

### कम्पनी दर्ता

४५. आर्थिक वर्ष २०७७/७८ को चैत महिनासम्म दर्ता भएका कम्पनीको सङ्ख्या अघिल्लो आर्थिक वर्षको सोही अवधिको तुलनामा ३६.६ प्रतिशतले वृद्धि भई २३ हजार ८ सय ५६ पुगेको छ। कोभिड-१९ महामारीको बाबजुद आर्थिक क्रियाकलापमा वृद्धि भएको देखिएको छ।

**चार्ट (ज): पछिल्लो ५ आर्थिक वर्षको चैतसम्मको कम्पनी दर्ताको प्रवृत्ति** (संख्यामा)




स्रोत: कम्पनी रजिष्ट्रारको कार्यालय

## मन्त्रालयका गतिविधि

४६. चालु आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रम, बजेट कार्यान्वयन कार्ययोजना र विकास कार्यक्रमको दोस्रो चौमासिक प्रगति समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति (MDAC) को बैठक मिति २०७७/१२/११ मा आयोजना गरिएको।

४७. आर्थिक वर्ष २०७८/७९ को बजेट तयारीका सम्बन्धमा विभिन्न मन्त्रालयसँग, विभिन्न तहमा र विभिन्न चरणमा छुट्टाछुट्टै छलफल सम्पन्न गरिएको।

४८. आर्थिक वर्ष २०७७/७८ को आर्थिक सर्वेक्षण तयारीको लागि सुदुरपश्चिम प्रदेश, कर्णाली प्रदेश, लुम्बिनी प्रदेश र गण्डकी प्रदेशमा छलफल कार्यक्रम सम्पन्न गरिएको।

४९. नेपाल सरकार र विश्व बैंकबीच समृद्धिका लागि वन आयोजनाका लागि अनुदान सहायता रु.७० करोड ६१ लाख र ऋण सहायता रु. २ अर्ब ७ करोड २१ लाख गरी कुल रु. २ अर्ब ७७ करोड ८२ लाख सहायता प्राप्त गर्ने सम्बन्धमा २०७७ चैत ६ मा वित्तीय सम्झौता सम्पन्न गरिएको।

५०. नेपाल सरकार र विश्व बैंकबीच उर्जाक्षेत्रको सुधार एवम् दिगो जलविद्युत विकास आयोजनाका लागि रु. ११ करोड ५५ लाख ८० हजार अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा २०७७ चैत ११ गते हस्ताक्षर सम्पन्न भएको।

५१. नेपाल सरकार र जर्मन सरकार बीच नेपालको हरित पुनरुत्थान र समावेशी विकासका लागि रु. ८२ करोड ४९ लाख अनुदान सहायता प्राप्त गर्ने सम्बन्धमा २०७७ चैत ११ मा वित्तीय सम्झौता सम्पन्न भएको।

५२. नेपाल सरकार र विश्व बैंकबीच कोभिड १९ महामारीको आकस्मिक व्यवस्थापन एवम् स्वास्थ्य प्रणाली सुधार सम्बन्धी आयोजनाका लागि ऋण सहायता रु. ८ अर्ब ७५ करोड १० लाख प्राप्त गर्ने सम्बन्धमा मिति २० चैत २०७७ मा वित्तीय सम्झौता सम्पन्न भएको।

५३. आर्थिक वर्ष २०७६/७७ को वैदेशिक सहायता परिचालन सम्बन्धी प्रतिवेदन सार्वजनिक गरिएको।

५४. २०७७ चैत १३ र १४ गते सबै भन्सार कार्यालयका प्रमुख तथा अधिकृतहरू सहभागी रहेको भन्सार व्यवस्थापन गोष्ठी सम्पन्न गरिएको। उक्त गोष्ठीमा अर्थ मन्त्रालय मातहतका विभिन्न विभागका साथै, राजस्व अनुसन्धान विभाग र सम्पत्ति शुद्धीकरण अनुसन्धान विभागका प्रतिनिधिहरूको समेत सहभागिता रहेको ।

## अन्य गतिविधि

५५. अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडेलको समुपस्थितिमा २०७७ चैत २ गते आर्थिक वर्ष २०७८/७९ को बजेट तर्जुमा सम्बन्धी छलफल सम्पन्न भयो। सो छलफलमा माननीय अर्थमन्त्रीले सिलिङ्गभित्र रहेर बजेट प्रस्ताव गर्न मन्त्रालयहरूलाई आग्रह गर्नुभएको थियो।

५६. २०७७ चैत १२ गते केन्द्रीय राजस्व चुहावट नियन्त्रण समितिको बैठक सम्पन्न भयो। अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडेलले राजस्व चुहावट नियन्त्रणका लागि सबै सामर्थ्य प्रयोग गर्ने बताउनु भयो।

५७. २०७७ चैत १२ गते उद्योग वाणिज्य महासंघद्वारा आयोजित एक कार्यक्रममा अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडेलले सम्बोधन गर्दै निजी क्षेत्रको आत्मविश्वास बढ्ने गरी बजेट निर्माण गर्ने बताउनु भयो। सोका लागि आवश्यक सुझाव दिन उद्योगी व्यवसायीहरूलाई आग्रह समेत गर्नुभयो।

५८. २०७७ चैत १९ गते अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडेलको समुपस्थितिमा स्टार्टअप व्यवसायसँग सम्बन्धित विविध विषयमा अर्थ मन्त्रालयमा छलफल सम्पन्न भयो। माननीय अर्थमन्त्री विष्णु प्रसाद पौडेलले सिर्जनशील कार्यलाई सरकारले प्रोत्साहन गर्ने बताउनु भयो।

५९. २०७७ चैत ३० गते माननीय अर्थमन्त्री विष्णु प्रसाद पौडेलले विश्व बैंकबाट प्रकाशित नेपाल डेभलपमेन्ट अपडेट सार्वजनिक गर्नु भयो।

६०. २०७७ चैत ३१ गते सम्पन्न भएको अर्थ समितिको बैठकमा अर्थमन्त्री माननीय विष्णु प्रसाद पौडेलले आगामी आर्थिक वर्षको बजेट तयारीका सम्बन्धमा जानकारी गराउनु भयो।